# स्थानीय सरकार
# शिवनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०८२/०८३
सूचना नं.(Information No.) 0६

## ।।आन्तरिक आय तर्फको ठेक्का आह्वान सम्बन्धी सूचना।।

### दोस्रो पटक प्रकाशित मितिः-२०८२/०४/२० गते ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा.(११) बमोजिम भएको व्यवस्था तथा शिवनाथ गाउँपालिका गाउँसभाको मिति २०८२/०३/२१ गतेको निर्णयानुसार यस गाउँपालिकाको वार्ड नं.१ स्थित नेपाल भारत सिमाक्षेत्रमा पर्ने महाकाली नदीमा आवतजावतको सहजताका लागि तारउतार गर्न प्रयोग भईरहेको तपशिल बमोजिमको नदी घाटमा चालू आ.व.२०८२/०८३ मा घाट सञ्चालनका लागि आय ठेक्का आह्वानगर्नु पर्ने हुँदा उल्लेखित ठेक्काको दोस्रो पटकका लागि १५ दिने सूचना प्रकाशित गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा संस्थालाई न्युनतम अंकमा कबोल रकम नघट्ने गरी यस कार्यालयमा सिलबन्दी दरभाउ पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

#### आन्तरिक आय ठेक्का विवरण

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | कुल न्युनतम अंक रु.भ्याट बाहेक | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | 04/SRM/INTERNAL/2082/083 | कुष्मौत घाट | ६०,०००।- | १०००।- | |

**ठेक्का सम्बन्धी शर्तहरुः-**

१.माथि उल्लेखित ठेक्काको फाराम भर्दा कुल कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ।कबोल रकम स्पष्ट उल्लेख नगरेमा स्वतः रद्द हुनेछ र सबैभन्दा बढी कबोल अंक उल्लेख गर्ने बोलपत्रदाता हरुको बोलपत्र स्वीकृत गरिनेछ।

२.ठेक्का अवधि सम्झौता भएको मिति बाट २०८३ साल आषाढ मसान्त सम्म हुनेछ । सम्झौता पश्चात बोलपत्रदाताले कुनै पनि कारणले ठेक्का सम्झौता अन्त्य गर्न पाउने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल गरेको अंकको १० प्रतिशतले हुनआउने धरौटी (पछि फिर्ता हुने गरी) रकम नेपाल एस बि आई बैंक सुल्लेखानमा रहेको च.हि.नं.४१८२५२४०६०००03 धरौटी खातामा जम्मा गर्नुपर्नेछ।अन्यथा ठेक्का स्वीकृत हुने छैन।

४. ठेक्का सम्झौता पछि तार उतार वाफत सेवाग्राही बाट नेपाल तर्फ बाट रु.३० र भारत तर्फबाट रू ४० कायम गरिएको छ।उल्लेखित शर्त बेगर शेवा शुल्क लिईएको पाईएमा कार्यालयले जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

Email:ito.shivanathmun@gmail.com "स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन" website:www.shivanathmun.gov.np

५. माथि उल्लेखित ठेक्काको बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर यस कार्यालयको राजश्व शाखा वा नेपाल एस बि आई बैंक सुल्लेखानमा रहेको च.हि.नं.४१८९५२४१२०७००४ राजश्व खातामा जम्मा गरेको भौचर र सम्बन्धित व्यक्तिको नागरिताको प्रतिलिपि सहित पेश गर्नु पर्नेछ।

६. बोलपत्र खरिद गर्ने अन्तिम म्याद प्रकाशित भएको मितिले १५औ दिन सम्म हुनेछ। १६औ दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ र सोहि दिनको १३:०० बजे बोलपत्र खोलिनेछ।

७. शर्त बमोजिम पेश नभएका, रित नपुगेका र म्याद नाघि आएका बोलपत्रमाथि कुनै कारवाहि हुनेछैन र कुनै किसिमले बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालय सँग निहित रहनेछ।

८. ठेक्का स्वीकृति पश्चात पेश गर्नु पर्ने कबोल रकम सम्झौता अगाडीनै नगद सहित तथा यस कार्यालयको हि.नं. ४१८९५२४१२०७००४ राजश्व खाता जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ।

९. विगतका आर्थिक वर्षहरुमा कुनै व्यक्ती वा व्यक्तीको परिवारको सदस्यका नाममा ठेक्का सम्झौता गरी सम्झौता अनुसार कार्य सम्पन्न नगरेका, सम्झौता भंग गरेका, कुनै किसिमको सरकारी बाँकी अथवा पेश्की/भुक्तानी बाँकी रहेका र नियमानुसारको राजश्व र बेरुजु दाखिला नगरेका व्यक्ती, फर्म वा सँस्थाले पेश गरेको ठेक्का दरभाउ माथी कुनै कारबाही हुने छैन।

१०. ठेक्का स्वीकृति पश्चात पेश गर्नु पर्ने कबोल रकम सम्झौता अगावै नगदै वा यस कार्यालयको हि.नं. ४१८९५२४१२०७००४ आन्तरिक राजश्व खाता जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ। साथै कबोल अंकमा १३ प्रतिशतका दरले छुट्टै मु.अ.क.(VAT) जोडी राजश्व रकम छुट्टाछुट्टै दाखिला गर्नु पर्नेछ।

११. ठेक्का सम्बन्धि कुनै विवाद आएमा त्यसको निरुपण गर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ।

१२. घाट सञ्चालन गर्दा सम्बन्धित व्यक्ति वा सँस्था स्वंयमले तारंउतार सामाग्रि लाईफ ज्याकेटको व्यवस्था गर्नुपर्नेछ।

१३. यस ठेक्का सूचनामा उल्लेखित शर्तहरु सोही बमोजिम र अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ।

........................
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत